आज मिति २०८३/०३/०५ गते शुक्रबारका दिन भिमसेनथापा गाउँपालिकाको गाउँ सभाको १८ औं (अठारौं) अधिवेशनको बैठक गाउँपालिका अध्यक्ष लोक प्रसाद बंजाराज्यूको अध्यक्षतामा निम्नानुसारका गाउँसभा सदस्य उपस्थितिमा सुरुवात गरियो।

तपसिलः-

| क.स | पद | नाम थर | दस्तखत |
|---|---|---|---|
| १ | श्री लोक प्रसाद बंजारा | अध्यक्ष | |
| २ | श्री अमृता देवी वस्ती (भट्ट) | उपाध्यक्ष | |
| ३ | श्री विकास श्रेष्ठ | वडा अध्यक्ष | |
| ४ | श्री नारायण प्रसाद भट्टराई | वडा अध्यक्ष | |
| ५ | श्री ऋषि राम लामिछाने | वडा अध्यक्ष | |
| ६ | श्री धन बहादुर तामाङ | वडा अध्यक्ष | |
| ७ | श्री होम बहादुर बरामु | वडा अध्यक्ष | |
| ८ | श्री रञ्जन रिमाल | वडा अध्यक्ष | |
| ९ | श्री नारायण श्रेष्ठ | वडा अध्यक्ष | |
| १० | श्री विष्णु कुमार श्रेष्ठ | वडा अध्यक्ष | |
| ११ | श्री पार्वती थापा | कार्यपालिका सदस्य | |
| १२ | श्री कमला खनाल | कार्यपालिका सदस्य | |
| १३ | श्री टंक कुमारी वि.क | कार्यपालिका सदस्य | |
| १४ | श्री सम्झना नेपाली वसेल | कार्यपालिका सदस्य | |
| १५ | श्री गोपल विश्वकर्मा | कार्यपालिका सदस्य | |

आज मिति २०८३/०३/०५ गते शुक्रबारका दिन भिमसेनथापा गाउँपालिकाको गाउँ सभाको १८ औं (अठारौं) अधिवेशनको बैठक गाउँपालिका अध्यक्ष लोक प्रसाद बंजाराज्यूको अध्यक्षतामा निम्नानुसारका गांउँसभा सदस्य उपस्थितिमा सुरुवात गरियो।

| | | | |
|---|---|---|---|
| १६ | श्री कृष्ण सुर्खेती | कार्यपालिका सदस्य | Krishna |
| १७ | श्री महेन्द्र लाल बाडा | गाउँ सभा सदस्य | [illegible] |
| १८ | श्री सितल गुभाजु | गाउँ सभा सदस्य | [illegible] |
| १९ | श्री सम्झना वयल्कोटी | गाउँ सभा सदस्य | [illegible] |
| २० | श्री डण्ड पाणि पाण्डे | गाउँ सभा सदस्य | Dandu |
| २१ | श्री लक्ष्मण लामिछाने | गाउँ सभा सदस्य | |
| २२ | श्री रिता सुनार | गाउँ सभा सदस्य | रीता |
| २३ | श्री दिननाथ अधिकारी | गाउँ सभा सदस्य | [illegible] |
| २४ | श्री पुष्प राज भुजेल | गाउँ सभा सदस्य | पुष्प |
| २५ | श्री सुमित्रा दाहाल | गाउँ सभा सदस्य | [illegible] |
| २६ | श्री कोपिला नेपाली | गाउँ सभा सदस्य | कोपिला |
| २७ | श्री चुडामणी सिंखडा | गाउँ सभा सदस्य | चुडामणी |
| २८ | श्री सैलेन्द्र कुमार शाक्य | गाउँ सभा सदस्य | [illegible] |
| २९ | श्री विन्दा परियार | गाउँ सभा सदस्य | विन्दा |
| ३० | श्री काजी राम ढकाल | गाउँ सभा सदस्य | [illegible] |
| ३१ | श्री सूर्य वहादुर वोहोरा | गाउँ सभा सदस्य | [illegible] |

आज मिति २०८३/०३/०५ गते शुक्रबारका दिन भिमसेनथापा गाउँपालिकाको गाउँ सभाको १८ औं (अठारौं) अधिवेशनको बैठक गाउँपालिका अध्यक्ष लोक प्रसाद बंजाराज्यूको अध्यक्षतामा निम्नानुसारका गाउँसभा सदस्य उपस्थितिमा सुरुवात गरियो।

| | | | |
|---|---|---|---|
| ३२ | सुस्मा भट्ट | गाउँ सभा सदस्य | |
| ३३ | श्री कल्पना बि.क | गाउँ सभा सदस्य | |
| ३४ | श्री शंकर राना मगर | गाउँ सभा सदस्य | |
| ३५ | श्री मिना वाग्ले | गाउँ सभा सदस्य | |
| ३६ | श्री ईश्वरी नेपाली | गाउँ सभा सदस्य | |
| ३७ | श्री जिवन कुमाल | गाउँ सभा सदस्य | |
| ३८ | श्री राम प्रसाद पाण्डे | गाउँ सभा सदस्य | |
| ३९ | श्री मालती तिवारी ढकाल | गाउँ सभा सदस्य | |
| ४० | श्री मिना सार्की | गाउँ सभा सदस्य | |
| ४१ | श्री राम कुमार दरै | गाउँ सभा सदस्य | |
| ४२ | श्री समुन्द्र श्रेष्ठ | गाउँ सभा सदस्य | |
| ४३ | श्री चिनी माया नेपाली | गाउँ सभा सदस्य | |
| ४४ | श्री चित्र बहादुर अधिकारी | सचिव | |

ग्रेट, स्मार्ट, हरियाली, स्वच्छ, समृद्ध, समाजबाद उन्मुख नमुना गाउँपालिका

## भिमसेनथापा गाउँपालिकाको गाउँसभाको १८ औं(अठारौं) अधिवेशनको बैठकमा प्रस्तुत प्रस्ताव एवं निर्णयहरु

मितिः-२०८३/०३/०५
समयः विहान ११ बजे
स्थानः गाउँपालिकाको सभाहल ।

१. श्रद्धाञ्जली/सम्मान सम्बन्धमा।
२. कार्यसूचिसम्बन्धमा।
३. गाउँसभाको आह्वान पत्रको बारेमा जानकारी सम्बन्धमा।
४. आर्थिक बर्ष २०८३/८४ को को बार्षिक नीति तथा कार्यक्रम सम्बन्धमा।
५. आर्थिक विधेयक, २०८३ सम्बन्धमा।
६. विनियोजन विधेयक, २०८३ सम्बन्धमा।
७. आर्थिक बर्ष २०८३/८४ को बजेट तथा कार्यक्रम सम्बन्धमा।
८. मध्यकालिन खर्च संरचना पेश सम्बन्धमा।
९. राजश्व परामर्श समितिको अध्ययन प्रतिवेदन सम्बन्धमा ।
१०. न्यायिक समितिको आर्थिक वर्ष २०८२/०८३ को बार्षिक प्रतिवेदन पेश सम्बन्धमा ।
११. लेखा समितिको बेरुजु फछ्यौंट सम्बन्धी प्रतिवेदन पेश सम्बन्धमा ।
१२. विद्यायन समितिको प्रतिवेदन सम्बन्धमा।
१३. सुशासन समितिको प्रतिवेदन सम्बन्धमा।
१४. मिति २०८२ माघ १ गते देखि हाल सम्म भएका कार्यपालिका बैठकका निर्णयहरुको अनुमोदन सम्वन्धमा।
१५. स्थायी कर्मचारीहरुको तलवी प्रतिवेदन पास सम्बन्धमा।
१६. करार सेवाका कर्मचारीहरुको म्याद थप तथा तलवी प्रतिवेदन पास सम्वन्धमा।
१७. बजेट रकमान्तर तथा शिर्षकान्तर सम्बन्धमा।
१८. अनियमित वेरुजुलाई नियमित गर्ने सम्बन्धमा।
१९. विविध।

लोक प्रसाद तजरा
अध्यक्ष

## *प्रस्ताव उपर छलफल र निर्णयहरु:-*

१. प्रस्ताव नं. १ माथि छलफल हुँदा, राष्ट्रप्रति सम्मान प्रकट गर्दै राष्ट्रिय धुन सहित विभिन्न कालखण्डमा राष्ट्रियता, राष्ट्रिय स्वधीनता, शान्ति र लोकतन्त्रका लागि भएका जनयुद्ध, जन-आन्दोलन, मधेश आन्दोलन, दलित आन्दोलन, जनजाति आन्दोलन **Gen-z** आन्दोलन तथा विभिन्न संघर्षका क्रममा आफ्नो जीवनको उत्सर्ग गर्नुहुने सम्पर्ण ज्ञात-अज्ञात शहिदहरु प्रति भावपूर्ण श्रद्धाञ्जली तथा वेपत्ता योद्धाहरु प्रति उच्च सम्मान गरी घाइतेहरुको शिघ्र स्वास्थ्य लाभको कामना गर्दै भिमसेनथापा गाउँपालिकाको गाउँ सभाको १८ औं (अठारौं) अधिवेशनको बैठकको प्रारम्भ गरियो।

२.प्रस्ताव नं. २ माथि छलफल हुँदा, गाउँ सभाको १८ औं (अठारौं) अधिवेशनको तपसिल बमोजिमको कार्यसूचि सभामा निर्णायार्थ पेश गरि स्वीकृत गरियो।

अनुसूचि-१

(कार्यविधिको दफा १ उपदफा ८ सँग सम्बन्धित)

भिमसेनथापा गाउँपालिका

गाउँ सभाको १६ औं (सोह्रौ) अधिवेशनको

कार्यसूचि र समय तालिका

बैठक संख्या:-१ बैठक स्थान:- भिमसेनथापा गाँउपालिका,खाञ्चोक गोरखा।

अध्यक्षता:-श्री लोक प्रसाद बंजारा मिति:-२०८२/०३/०५ समय: विहान ११ बजे

| क.स | कार्यसूचि | कार्यसूचि प्रस्तुतकर्ता | कैफियत |
|---|---|---|---|
| १ | राष्ट्रिय धुन | | |
| २ | श्रद्धाञ्ली/सम्मान | | |
| ३ | अध्यक्षले गाउँसभाको १८ औं अधिवेशनको आह्वान गरेको पत्रको व्यहोरा सभामा बाचन गरेर जानकारी गराउने | सभा अध्यक्ष | |
| ४ | आर्थिक बर्ष २०८३/८४ को नीति तथा कार्यक्रम प्रस्तुत, छलफल र पारित | सभा अध्यक्ष | |
| ५ | आर्थिक विधेयक,२०८३ को प्रस्तुति सैद्धान्तिक विषयमा छलफल र पारित | उपाध्यक्ष अमृता देवी भट्ट(वस्ती) | |
| ६ | विनियोजन विधेयक,२०८३ को प्रस्तुति सैद्धान्तिक विषयमा छलफल र पारित | उपाध्यक्ष अमृता देवी भट्ट (वस्ती) | |
| ७ | आर्थिक बर्ष २०८२/८४ को बजेट तथा कार्यक्रमको | उपाध्यक्ष श्री अमृता देवी भट्ट(वस्ती) | |





लोक प्रसाद बंजारा
अध्यक्ष

| | | | |
|---|---|---|---|
| | प्रस्तुति तथा मध्यमकालिन खर्च संरचना पेश, छलफल र पारित | | |
| 8 | राजश्व परामर्श समितिको प्रतिवेदन प्रस्तुत | उपाध्यक्ष श्री अमृता देवी भट्ट(वस्ती) | |
| 9 | न्यायिक समितिको वार्षिक प्रतिवेदन प्रस्तुत | समितिका संयोजक श्री अमृता देवी भट्ट (वस्ती) | |
| 10 | लेखा समितिको प्रतिवेदन प्रस्तुत | समितिका संयोजक श्री राम प्रसाद पाण्डे | |
| ११ | सुशासन समितिको प्रतिवेदन प्रस्तुत | समितिका संयोजक श्री मालती ढकाल तिवारी | |
| १२ | विधायन समितिको प्रतिवेदन प्रस्तुत | समितिका संयोजक श्री होम बहादुर बरामु | |
| १३ | सामाजिक विकास समितिको बार्षिक प्रतिवेदन प्रस्तुत | समितिका संयोजक श्री नारायण श्रेष्ठ | |
| १४ | पुर्वाधार विकास समितिको बार्षिक प्रतिवेदन प्रस्तुत | समितिका संयोजक श्री विकास श्रेष्ठ | |
| १५ | आर्थिक बिकास समितिको बार्षिक प्रतिवेदन प्रस्तुत | समितिका संयोजक श्री होम बहादुर बरामु | |
| १६ | बन, वातावरण तथा विपद् व्यवस्थापन समितिको बार्षिक प्रतिवेदन प्रस्तुत | समितिका संयोजक श्री नारायण प्रसाद भट्टराई | |
| १७ | संस्थागत विकास तथा सुशासन समितिको प्रतिवेदन | समितिका संयोजक गोपाल वि.क | |
| १८ | हाल सम्मका कार्यपालिकाको वैठकले गरेका निर्णयहरुको अनुमोदन । | | |
| 1९ | स्थायी कर्मचारीको तलवी प्रतिवेदन पास। | | |
| २० | करार सेवाका कर्मचारीहरुको म्याद थप तथा तलबी प्रतिवेदन पास। | | |
| २१ | विविध। | | |
| २२ | समसामयिक विषय(शुन्य समयमा धारणा राख्ने) | गाउँ सभाका सदस्यहरु | |
| २३ | समाध्यक्षज्यूको मन्तव्य सहित समापन | | |

३. प्रस्ताव नं. ०३ माथि छलफल हुँदा, सभाअध्यक्षले गाउँसभाको १८ औं (अठारौं) अधिवेशन आह्वान गर्नुभएको तपसिल बमोजिमको पत्रको व्यहोरा सभामा बाचन गरि जानकारी गराईयो।





लोक प्रसाद वजरी
अध्यक्ष

ग्रेट, स्मार्ट, हरियाली, स्वच्छ, समृद्ध, समाजबाद उन्मुख नमुना गाउँपालिका

# भिमसेनथापा गाउँपालिका
# BHIMSENTHAPA RURAL MUNICIPALITY
## गाउँ सभाको सचिवालय
## Secretariat Of Rural Municipal Assembly

खान्चोक, गोरखा

Khanchwok, Gorkha

गण्डकी प्रदेश, नेपाल

Gandaki Province, Nepal

पत्र संख्या (Reference No.) :-०८२-०८३

चलानी नं. (Dispatch No.):-२

मिति(Date):-२०८३/०२/१९

नेपाल सम्वंत ११४५ अनालागा १७ मंगलबार

श्री गाउँ सभा सदस्यज्यूहरु,(सबै)
भिमसेनथापा गाउँपालिका
खान्चोक, गोरखा।

विषय: गाउँ सभाको १८ औं (अठारौं) अधिवेशनको बैठकमा आमन्त्रण सम्बन्धमा ।

प्रस्तुत विषयमा, भिमसेनथापा गाउँपालिका, गाउँ कार्यपालिकाको मिति २०८३/०२/१९ गतेको बैठकको निर्णयानुसार गाउँपालिकाको गाउँ सभाको १८ औ (अठारौं) अधिवेशनको पहिलो बैठक देहाय बमोजिमको मिति, समय र स्थानमा बस्ने भएकोले यहाँहरुको उपस्थितिका लागि हार्दिक अनुरोध छ।

तपसिल:-

मिति:२०८३/०३/०५ गते, शुक्रबार

समय: बिहान ११ वजे

स्थान:- गाउँ कार्यपालिकाको कार्यालय, खान्चोक गोरखाको सभाहल।

४. प्रस्ताव नं. ०४ माथि छलफल हुँदा, भिमसेनथापा गाउँपालिकाको आर्थिक बर्ष २०८३/०८४ को बार्षिक नीति तथा कार्यक्रम सभाका अध्यक्षज्युबाट टेबुल भई छलफल सहित सभामा निर्णयार्थ पेश गरी सर्वसम्मत पारित गरियो।

५. प्रस्ताव नं. ०५ माथि छलफल हुँदा, उपाध्यक्ष श्री अमृता देवी भट्ट वस्तिज्यूबाट पेश भएको भिमसेनथापा गाउँपालिकाको आर्थिक विधेयक, २०८३ लाई सर्वसम्मत स्वीकृत गर्ने निर्णय गरियो।

६. प्रस्ताव नं. ०६ माथि छलफल हुँदा, उपाध्यक्ष श्री अमृता देवी वस्तिज्यूबाट पेश भएको भिमसेनथापा गाउँपालिकाको विनियोजन विधेयक, २०८३ लाई सर्वसम्मत स्वीकृत गर्ने निर्णय गरियो।

लोक प्रसाद बजगाईं
अध्यक्ष

७. प्रस्ताव नं. ०७ माथि छलफल हुँदा, उपाध्यक्ष श्री अमृता देवी वस्ति(भट्ट) ज्युले पेश गर्नु भएको आर्थिक बर्ष ०८३/०८४ बार्षिक बजेट तथा कार्यक्रम माथि छलफल सहित सर्वसम्मत स्वीकृत गरियो।

८. प्रस्ताव नं. ०८ माथि छलफल हुँदा, भिमसेनथापा गाउँपालिकाको,आवधिक योजना र बार्षिक बजेटवीच तादाम्यता ल्याउने महत्वपूर्ण औजारको रुपमा रहेको मध्यकालिन खर्च संरचना रहेको हुँदा आगामी तिन वर्षको समष्टिगत वित्त खाका, बजेट तथा कार्यक्रमको खाका र नतिजा खाका सहित तयार पारिएको मध्यकालिन खर्च संरचना पेश गरि पारित गरियो।

९. प्रस्ताव नं. ०९ माथि छलफल हुँदा, उपाध्यक्ष श्री अमृता देवी भट्ट वस्तीज्युले पेश गर्नुभएको स्थानीय राजश्व परामर्श समितिको राजश्व सम्बन्धि अध्ययन प्रतिवेदन स्वीकृत गरियो।

१०. प्रस्ताव नं. १० माथि छलफल हुँदा, उपाध्यक्ष श्री अमृता देवी वस्ती भट्ट ज्युले पेश गर्नुभएको न्यायिक समितिको बार्षिक प्रतिवेदन छलफल सहित स्वीकृत गरियो।

११. प्रस्ताव नं.११ माथि छलफल हुँदा, भिमसेनथापा गाउँपालिकाको लेखा समिति संयोजक श्री राम प्रसाद पाण्डेज्यूबाट पेश भएको लेखा समितिको बार्षिक प्रतिवेदन छलफल सहित स्वीकृत गरियो।

१२ प्रस्ताव नं.१२ माथि छलफल हुँदा, भिमसेनथापा गाउँपालिकाको विद्यायन समितिका संयोजक श्री होम बहादुर बरामुज्यूले पेश गर्नुभएको विद्यायन समितिको बार्षिक प्रतिवेदन छलफल सहित स्वीकृत गरियो।

१३ प्रस्ताव नं.१३ माथि छलफल हुँदा, भिमसेनथापा गाउँपालिकाको सुशासन समितिका संयोजक श्री मालती तिवारी ढकालज्यूले पेश गर्नुभएको सुशासन समितिको बार्षिक प्रतिवेदन उपर छलफल गरी स्वीकृत गरियो।

१४. प्रस्ताव नं.१४ माथि छलफल हुँदा, भिमसेनथापा गाउँपालिकाको तपसिल बमोजिमका विषयगत समितिका बार्षिक प्रतिवेदन छलफल गरी स्वीकृत गर्ने निर्णय गरियो।

| क्र.स | प्रतिवेदन | प्रस्तुतकर्ता | कैफियत |
|---|---|---|---|
| १ | सामाजिक विकास समितिको प्रतिवेदन | समितिका संयोजक नारायण श्रेष्ठ | |
| २ | पुर्वाधार विकास समितिको प्रतिवेदन | समितिका संयोजक विकास श्रेष्ठ | |



लोक प्रसाद बजगाँ
अध्यक्ष

| | | | |
|---|---|---|---|
| ३ | आर्थिक विकास समितिको प्रतिवेदन | समितिका संयोजक होम बहादुर बरामु | |
| ४ | वन, वातावरण तथा विपद् व्यवस्थापन समितिको प्रतिवेदन | समितिका संयोजक नारायण प्रसाद भट्टराई | |
| ५ | सुशासन तथा संस्थागत क्षमता विकास समितिको प्रतिवेदन | समितिका संयोजक गोपाल वि.क | |

१५. प्रस्ताव नं. १५ माथि छलफल हुँदा, भिमसेनथापा गाउँपालिका, गाउँ कार्यपालिकाको बैठकबाट मिति २०८२ माघ देखि हाल सम्म गरेका निर्णयहरु अनुमोदन गरियो।

१६. प्रस्ताव नं. १६ माथि छलफल हुँदा, यस पालिकामा कार्यरत स्थायी कर्मचारीहरुको आर्थिक बर्ष २०८३/८४ को तलबी प्रतिवेदन पास गर्ने निर्णय गरियो।

१७. प्रस्तान नं. १७ माथि छलफल हुँदा, भिमसेनथापा गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय तथा अन्तर्गतका शाखा कार्यालय वडा कार्यालय स्वास्थ्य चौकी तथा इकाईहरुमा सेवा करारमा कार्यरत कर्मचारीहरुको कार्यसम्पादन मुल्यांकन, प्रविधि मैत्री दक्षता, क्षमता र आवश्यकताका आधारमा भिमसेनथापा गाउँपालिका लोककल्याणकारी कोषमा योगदानको सुनिश्चित गरी करार अवधि आगामी आर्थिक बर्ष २०८३/०८४ को षौष मसान्त सम्म थप गरी तलबी प्रतिवेदन समेत स्वीकृत गर्ने निर्णय गरियो।

१८.प्रस्ताव नं.१८ माथि छलफल हुँदा, भिमसेनथापा गाउँपालिकाको चालु आर्थिक बर्ष २०८२/८३ को चालु खर्च तर्फको बजेटलाई देहाय बमोजिम रकमान्तर तथा शिर्षकान्तर गर्ने निर्णय गरियो।

| घटाउने | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| क्र.स | बजेट उपशिर्षक नं. | कार्यक्रम/क्रियाकलाप /आयोजनाको नाम | खर्च उपशिर्षक | स्रोत | बजेट स्रोत तह | प्रासको स्रोत | भुक्तानी विधि | रकम | कैफियत |
| १ | ८०४३६५ ०६१०१ | पोशाक | २११२१ | राजश्व बाँडफाँड | राजश्व बाँडफाँड- संघीय सरकार | राजश्व बाँडफाँड | नगद | ३००००० | |
| २ | ८०४३६५ ०६१०१ | सभा संचालन खर्च | २२७२१ | राजश्व बाँडफाँड | राजश्व बाँडफाँड- संघीय सरकार | राजश्व बाँडफाँड | नगद | २५०००० | |



लोक प्रसाद बजगाँ
अध्यक्ष

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| ३ | ८०४३६५ ०६१०५ | घर नक्सा अद्यावधिक तथा घर विमा कार्यक्रम | २२२१४ | राजश्व बाँडफाँड | राजश्व बाँडफाँड-संघीय सरकार | राजश्व बाँडफाँड | नगद | २००००० | |
| ४ | ८०४३६५ ०६२०४ | भैपरी आउने चालु खर्च | २८९११ | राजश्व बाँडफाँड | राजश्व बाँडफाँड-संघीय सरकार | राजश्व बाँडफाँड | नगद | १००००० | |
| ५ | ८०४३६५ ०६१०७ | जातिय भेदभाव तथा छुवाछुत मुक्त टोल/वडा निर्माण घोषणा | २२५२२ | राजश्व बाँडफाँड | राजश्व बाँडफाँड-संघीय सरकार | राजश्व बाँडफाँड | नगद | ४००००० | |
| ६ | ८०४३६५ ०६१०७ | जातिय भेदभाव तथा छुवाछुत | २२५२२ | आन्तरिक स्रोत | आन्तरिक स्रोत | आन्तररिकं स्रोत | नगद | ३००००० | |
| ७ | ८०४३६५ ०६१०६ | न्यायिक समितिको इजलास तथा मेलमिलाप केन्द्र संचालन तथा व्यवस्थापन | २२३१९ | राजश्व बाँडफाँड | राजश्व बाँडफाँड-संघीय सरकार | राजश्व बाँडफाँड | नगद | २००००० | |
| ८ | ८०४३६५ ०६१०४ | सडक लगत कट्टा | २२४११ | राजश्व बाँडफाँड | राजश्व बाँडफाँड-संघीय सरकार | राजश्व बाँडफाँड | नगद | २००००० | |
| ९ | ८०४३६५ ०६१०५ | बातावरण अनुकुलित फोहोरमैला व्यवस्थापन र फोहोरबाट आविष्कार कार्यक्रम | २२५२२ | राजश्व बाँडफाँड | राजश्व बाँडफाँड-संघीय सरकार | राजश्व बाँडफाँड | नगद | ३००००० | |
| | | | | | | १५,००,०००।– (अक्षरुपी रु पन्ध्र लाख रुपैया मात्र) | | | |

बढाउने

| क्र.स | बजेट उपशिर्षक नं. | कार्यक्रम/क्रियाकलाप /आयोजनाको नाम | खर्च उपशिर्षक | स्रोत | बजेट स्रोत तह | प्रासको स्रोत | भुक्तानी विधि | रकम | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | ८०४३६ ५०६१०१ | करार सेवा शुल्क(करार सेवाका कर्मचारीको तलब, चाडपर्व, पोत्साहन भत्ता, अतिरिक्त भत्ता | २२४१३ | राजश्व बाँडफाँड | राजश्व बाँडफाँड-संघीय सरकार | राजश्व बाँडफाँड | नगद | ७५०००० | |



लोक प्रसाद तजरा
अध्यक्ष

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | तथा पोषाक भत्ता | | | | | | | |
| २ | ८०४३६५ ०६१०१ | पानी तथा विजुली | २२१११ | राजश्व बाँडफाँड | राजश्व बाँडफाँड-संघीय सरकार | राजश्व बाँडफाँड | नगद | २००००० | |
| ३ | ८०४३६ ५०६१०१ | इन्धन (कार्यालय प्रयोजन) | २२२१२ | राजश्व बाँडफाँड | राजश्व बाँडफाँड-संघीय सरकार | राजश्व बाँडफाँड | नगद | ३००००० | |
| ४ | ८०४३६ ५०६२० ४ | खेलकुद विकास कार्यक्रम | २२५२२ | आन्तरिक स्रोत | आन्तरिक स्रोत | आन्तरिक स्रोत | नगद | १००००० | |
| ५ | ८०४३६ ५०६२० ४ | स्काउट पोषण कार्यक्रम | २२५२२ | राजश्व बाँडफाँड | राजश्व बाँडफाँड-संघीय सरकार | राजश्व बाँडफाँड | नगद | १००००० | |
| ६ | ८०४३६ ५०६१०७ | दलित शसक्तिकरण कार्यक्रम | २२५२२ | आन्तरिक स्रोत | आन्तरिक स्रोत | आन्तरिक स्रोत | नगद | १००००० | |
| ७ | ८०४३६ ५०६१०७ | दलित शसक्तिकरण कार्यक्रम | २२५२२ | राजश्व बाँडफाँड | राजश्व बाँडफाँड-संघीय सरकार | राजश्व बाँडफाँड | नगद | ६००००० | |
| ८ | ८०४३६ ५०६१०७ | स्वास्थ्य संस्था न्यूनतम मापदण्ड सुधारका लागि सामाग्र खरिद | २२३१९ | आन्तरिक स्रोत | आन्तरिक स्रोत | आन्तरिक स्रोत | नगद | १००००० | |
| | | | | | | | | | |
| १५,००,०००।– (अक्षरुपी रु पन्ध्र लाख रुपैया मात्र) | | | | | | | | | |

१८.प्रस्ताव नं.१८ माथि छलफल हुँदा, भिमसेनथाप गाउँपालिकाको वित्तिय विवरणको शुद्धता, प्रचिलत कानूनको परिपालन, राजश्व प्रक्षेपण तथा बजेट निर्माण योजना तर्जुमा तथा कार्यक्रमको कार्यान्वयन, खरिद व्यवस्थापन तथा विकास निर्माण, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहिता लगायतका विषयहरुको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुको साथै स्रोत साधनको प्राप्ति उपयोग तथा परिचालनको सम्बन्धमा नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारीता, औचित्यतता समेतलाई दृष्टिगत गर्दै महालेखा परिक्षकको कार्यालय हरेक आर्थिक बर्ष सम्पन्न हुने अन्तिम लेखा परिक्षणको क्रममा रु ३८,७०,३०६।– (अक्षरुपी रु अठतिस लाख सत्तरी हजार तिन सय छ रुपैया मात्र) अनियमित देखिएको देहाय बमोजिमको बेरुजुलाई नियमित गर्नका लागि भिमसेनथापा गाउँपालिकाको लेखा



लोक प्रसाद तजरा
अध्यक्ष

समितिको निर्णयबाट समेत निर्णय भई आएकोले अनियमित प्रकार तपसिल बमोजिम उल्लेखित बेरुजुलाई नियमित गर्ने निर्णय गरियो।

➢ सफ्टवेयर खरिद:

नेपाल सरकारको सूचना प्रविधि प्रणाली (व्यबस्थापन तथा सञ्चालन) निर्देशिका, २०७१ को बुँदा नं.४.१ मा कुनै सरकारी निकायले आफ्नो कार्य विद्युतीय माध्यमबाट सञ्चालन गर्नका लागि प्रयोग गर्ने सूचना प्रविधि प्रणालीको निर्माण गर्दा त्यस्तो प्रणाली सम्बन्धी कागजात तयार पारी मानक अनुरूप भए नभएको निर्धारण गर्न सूचना प्रविधि विभागबाट स्वीकृत गराउनु पर्ने व्यवस्था रहेको छ। पालिकाले तपशिलमा उल्लेखित नयाँ सफ्टवेयर खरिद तथा नविकरण दस्तुर भुक्तानी गरेकोमा मानक अनुरूप भए नभएको निर्धारण नगरी खरिद तथा नविकरण वापत भुक्तानी दिएकोमा सो बमोजिम प्रमाणित नभएको अवस्थामा भुक्तानी दिएको अनियमित कायम भएको रु. रु ८९१७४९।-महालेखा परिक्षकको आर्थिक बर्ष २०८१/८२ को अन्तिम लेखा परिक्षण प्रतिवेदनमा उल्लेख भएकोमा गाउँपालिकाले विभिन्न प्रयोजनका लागि नयाँ तथा पूराना संफ्टवेयर खरिद तथा नविकरण गर्दै संचालन गरिरहेको अवस्थामा गाउँपालिका मार्फत प्रदान गर्ने सेवा सुविधालाई जनमैत्री, प्रविधिमैत्री एवं समयानुकुल परिमार्जन एवं परिष्कृत गर्दै सेवा प्रभावको प्रभावकारीतालई सुनिश्चितता गर्दै आईरहेको अवस्थामा उल्लेखित सफ्टवेयर खरिद तथा मौजुदा सफ्टवेयरको बार्षिक नविकरणले पालिकालाई थप आर्थिक भार नपर्ने देखिएको हुँदा सफ्टवेयर खरिद तथा नविकरण सम्बन्धमा कायम हुन आएको बेरुजु रकम रु ८,९१,७४९।– (अक्षरुपी रु आठ लाख एकानब्बे हजार सात सय उनान्पचास रुपैया मात्र) नियमित गर्ने,

➢ चिस्यान सुविधा जडान

प्रदेश तथा स्थानीय तहमा सशर्त वित्तीय हस्तान्तरित कृषि विकास कार्यक्रम संचालन सम्वन्धी कार्यविधि सम्वन्धी कार्यविधि,२०८१ को वुँदा नं २२ को (१) मा र (३) को (ख) मा कृषि एम्वुलेन्स प्रयोजनका लागि खरिद गरिएको गाडीमा चिस्यान सुविधा जडान तथा वुदा नं ४ को (झ) वमोजिम कृषि एम्बुलेन्स सेवा किसानहरूको तरकारी, फलफूल तथा अन्य नाशवान् कृषि उपजहरू शहर तथा बजार क्षेत्रका उपभोक्तासम्म ढुवानी गर्ने कार्यमा मात्र प्रयोग गर्नुपर्नेछ भन्ने व्यवस्था भएकोमा पालिकाले वि.वि. अटोमोवाइल प्राइभेट लिमिटेड वाट रु. २६४८०००/- मा खरिद गरेको कृषि एम्वुलेन्समा चिस्यान सुविधा जडान नहुँदा अन्य ढुवानी कार्यमा प्रयोग भएको तथा चिस्यान जडान नगरिएको भनि रु २४,४८,०००।– (अक्षरुपी रु चौविस लाख अठचालिस हजार रुपैया मात्र) नियमसम्मत नदेखिएको भनी बेरुजु कायम भएकोमा भिमसेनथापा गाउँपालिकामा आर्थिक बर्ष २०८१/८२ मा संघीय सरकारबाट सशर्त अनुदान तर्फ कृषि एम्बुलेन्स खरिद सहयोग (५० प्रतिशत लागत साझेदारी) शिर्षकमा विनियोजन भएको बजेट र भिमसेनथापा गाउँपालिकाको लागत साझेदारीबाट कृषि एम्बुलेन्स खरिद तथा व्यवस्थापन भई भिमसेनथापा गाउँपालिकाले प्रदेश तथा स्थानीय तहमा सशर्त वित्तिय हस्तान्तरण भएको कृषि विकास कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८२





लोक प्रसाद बजगाईं
अध्यक्ष

बमोजिम कृषि एम्बुलेन्स खरिद गरिएको भएतापनि पर्याप्त बजेट व्यवस्थान नभई उक्त कृषि एम्बुलेन्समा चिस्यानको सुविधा जडान नगरिएको भएता पनि उक्त एम्बुलेन्स विशुद्ध कृषि कार्य प्रयोजन लागि मात्र प्रयोग भएको हो। सम्बत् २०८२ भाद्र २३ र २४ गते देशभर भएको Gen-Z आन्दोलनका क्रममा मुख्यमन्त्री तथा मन्त्रीपरिषदको कार्यालयको गण्डकी प्रदेश पोखराको कार्यालय परिसरमा रहेको अवस्थामा तोडफोड एवं आगोलागी भई पूर्ण रुपमा नष्ट भई वेकामको अवस्थामा रहेको प्राविधिक रिपोर्ट अनुसार उक्त कृषि एम्बुलेन्स भिमसेनथापा गाउँपालिकाको गाउँ सभाको १७ औ (सत्रौ) अधिवेशनको निर्णयबाट मिनाहा भएको हो। तसर्थ महालेखा परिक्षकको अन्तिम प्रतिवेदनको दफा ४२ मा देखिएको रु २४,४८,०००।– (अक्षरुपी रु चौविस लाख अठचालिस हजार रुपैया मात्र) ले हाल सम्म कार्यालय थप व्यय-भार नपरेको तथा आगामी दिनहरुमा यस्ता प्रकृतिका खरिद कार्यलाई प्रचलित ऐन कार्यविधिको पूर्ण रुपमा पालना गर्ने प्रतिवद्धता सहित उपरोक्त वेरुजुलाई नियमित गर्ने निर्णय गरियो।

- नाफा मुलक संस्थालाई कार्यालय सामाग्री वितरणः

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ मा पालिकाले आफ्नो अधिकार क्षेत्रभित्रका विषयमा स्थानीयस्तरको विकासका लागि आवधिक, वार्षिक, राणनीतिगत विषय क्षेत्रगत मध्यकालिन तथा दीर्घकालिन विकास योजना वनाई लागू गर्नुपर्ने तथा दफा ७६ अनुसार वितरणमुखी खर्चलाई नियन्त्रण गर्दै संघ तथा प्रदेश सरकारबाट प्राप्त रकमलाई स्थानीय पूर्वाधार विकास तथा दीर्घकालिन पूँजी निर्माण हुने कार्यमा खर्च गर्नुपर्दछ। नाफा कमाउने उद्देश्यले स्थापित संस्थालाई अनुदान उपलव्ध गराउन मिल्दैन। सहकारी संस्थाको स्वामित्वमा रहेको सम्पत्तिको मूल्य वृद्धि हुने र नाफामूलक संस्थामा खर्च गर्ने सम्बन्धमा पालिकाले नियन्त्रण गर्नुपर्नेमा नाफामुलक सहकारी संस्थालाई रु. ५,३०,५५७।– (अक्षरुपी रु पाँच लाख तिस हजार पाँच सय सन्ताउन्न रुपैया मात्र) बराबरको विभिन्न सामाग्रीहरु नियम विपरित नाफामुलक संस्थालाई सामाग्री खरिदमा खर्च लेखी भुक्तानी दिने कार्य नियम सम्मत नदेखिएकोले भनी लेखिएकोमा भिमसेनथापा गाउँपालिकाले आर्थिक बर्ष २०८१/०८२ मा वडा नं ४ स्थित वगुवा कृषि सहकारी संस्थालाई कार्यालय सामाग्री खरिद गर्न रु ९१,१९७।–(अक्षरुपी रु एकनब्बे हजार एक सय सन्तानब्बे रुपैया मात्र रुपैया मात्र) त्यसै गरी वडा नं ४ स्थित श्री पार्वती महिला वचत तथा ऋण सहकारी संस्थालाई पन्चेबाजा सेट बापत रु १,४६,४००।–(अक्षरुपी रु एक लाख छयालिस हजार चार सय रुपैया मात्र) त्यसैगरी बगुवा कृषि सहकारी संस्थालाई २,८५,०००।–(अक्षरुपी रु दुई लाख पचासी हजार रुपैया मात्र) गरी जम्मा ५,३०,५५७।–(अक्षरुपी रु पाँच लाख तिस हजार पाँच सय सन्तानब्बे रुपैया मात्र) मूल्य बराबरको सामाग्री खरिद वितरण गरेकोमा म.ले.प प्रतिवेदनमा वितरणमुखी प्रकृतिका खर्च गर्न मिल्ने र पालिकालाई थपव्ययभार श्रृजना गर्ने प्रकृतिका कार्यमा खर्च गर्न सक्ने अधिकार रहेको नदेखिएको भनि अनियमित बेरुजु लेखिएको भएतापनि सो कार्यले यस

लोक प्रसाद ढकाल
अध्यक्ष

कार्यालयलाई थप आर्थिक व्ययभार श्रृजना नहुने देखिएको हुँदा उक्त अनियमित देखिएको वेरुजुलाई नियमित गर्ने,

विविधः-

क. भिमसेनथापा गाउँपालिकामा स्वीकृत दरवन्दी तेरिज बमोजिम कर्मचारीहरुको अभाव भएकोले एउटै कर्मचारीले एक भन्दा बढी शाखाको जिम्मेवारीमा रही कामकाज गर्नुपर्ने भएको तथा एक जना प्राविधिकले एक भन्दा बढी वडाहरुको जिम्मेवारीमा रही योजनाहरुको अनुगमन निरिक्षणमा ३ पटक अनिवार्य तथा आवश्यकता अनुसार विहान वेलुकाको समयमा समेत कामकाज गर्नुपर्ने भएको हुँदा कार्यवोझ बढ्ने भएको तथा प्रमुख प्रशासकीय अधिकृत सम्पुर्ण शाखा/वडाहरुको जिम्मेवारी बहन गर्दै विहान वेलुकी समेत कार्य गर्दै आएको एवं हलुका सवारी चालकले कार्यालय समय अतिरिक्त विहान बेलुका समेत कार्य गर्दै आएकोले अर्को निर्णय नभएसम्मका लागि तपसिल बमोजिमको फिल्ड भत्ता/कर्मचारी प्रोत्साहन एवं पुरस्कार बापत मासिक रुपमा आन्तरिक स्रोतबाट खर्च व्यहोर्ने गरी उपलब्ध गराउने निर्णय गरियो।

तपसिलः-

| क.स | पद | रकम | खर्चको लेखाङ्कन गर्ने शिर्षक |
|---|---|---|---|
| १ | इन्जिनियर(शाखा प्रमुख) | ८,००० | फिल्ड भत्ता/ कर्मचारी प्रोत्साहन एवं पुरस्कार |
| २ | सिनियर सब-इन्जिनियर, प्राविधिक सहायक (रोजगार सेवा केन्द्र), असिष्टेन्ट सब-इन्जिनियर, अमिन | ५,००० | |
| ३ | ह.स.चा (BAA 1512) | १०,००० | |
| ४ | ह.स.चा (ग १ झ ६६९) | ७,००० | |
| | ब्याक हु लोडर चालक | प्रति घण्टा रु १०० र विहान वेलुकी अतिरिक्त कामकाज बापत खाना/खाजा खर्च २५० | |
| ५ | ट्याक्टर चालक | ४,००० | |

ख. भिमसेनथापा गाउँपालिकाले चालु आर्थिक बर्ष २०८२/८३ मा गाउँपालिका भित्र उत्सर्जन हुने फोहोरमैला संकलन, भण्डारण एवं व्यवस्थापनका उपयुक्त सार्वजनिक/सरकारी जग्गा व्यवस्थापन गर्न नसकी अस्थायी रुपमै भएपनि स्थानीय तहको आधारभूत कर्तव्य मध्येको फोहोरमैला व्यवस्थापन गर्न





लोक प्रसाद वजगाई
अध्यक्ष

निजि जग्गा भाडा लिई संचालन गर्ने गाउँ कार्यपालिकाको निर्णयानुसार प्रकाशित सूचना बमोजिम भाडामा दिन ईच्छुक जिल्ला गोरखा, भिमसेनथापा गाउँपालिका वडा नं. ०५ स्थायी निवासी श्री राजु श्रेष्ठको कित्ता नं. २०४६ (३-३-३-१) को जग्गा भाडामा लिई फोहोरमैला सकंलन सम्बन्धी कार्य गर्दै आएकोमा संकलित फोहोरमा कुकुर लगायत जङ्गली जनावरहरु पसि फोहोरलाई जथाभावी विकेन्द्रित गरी अवस्थित हुने तथा त्यसले दुर्गन्ध फैलिने लगायत विभिन्न समस्याहरु निम्त्याउने भएकोले उक्त क्षेत्रलाई घेराबार गर्नुपर्ने भएको हुँदा भिमसेनथापा गाउँपालिकाको चालु आर्थिक बर्ष २०८२/८३ को वनं, वातावरण तथा विपद व्यवस्थापन अन्तर्गत वातावरण अनुकूलित फोहोरमैला व्यवस्थापन र फोहोरबाट आविष्कार कार्यक्रम तर्फ विनियोजन भएको बजेटबाट खर्चको लेखाङ्कन गर्ने गरी तयार भएको अस्थायी ट्रष्ट र घेराबार निर्माण कार्यको लागत अनुमान रकम रु ४,४५,०६५,५९।- (अक्षरुपी रु चार लाख पैतालिस हजार पैसठ्ठी रुपैया उनान्साठी पैसा मात्र) स्वीकृत गरी निर्माण कार्य अगाडी बढाउने साथै जग्गाधनी सँग सम्झौता समाप्त भएको मिति पश्चात उक्त क्षेत्रमा निर्मित संरचनालाई पालिकाले अर्को फोहोरमैला व्यवस्थापन स्थल वा अन्य सार्वजनिक तथा सरकारी जग्गाको संरक्षणमा प्रयोग गर्ने गरी हाललाई उक्त कार्य अगाडी बढाउने निर्णय गरियो।

ग. भिमसेनथापा गाउँपालिका वडा नं. ०५ स्थित हाटबजार तथा कृषि संकलन केन्द्र परिसरमा रहेको शहिद स्मृति प्राङ्गगारिक मल उत्पादन गर्ने प्लान्टलाई आवश्यक पर्ने कच्चा पदार्थ एवं उत्पादित पदार्थ सकंलन गर्नका लागि ट्रष्ट निर्माण गर्न अत्यावश्यक भएकोले प्रविधिक शाखाबाट तयार भएको लागत अनुमान रकम रु ४,२४,५२२.२५।- (अक्षरुपी रु चार लाख चौविस हजार पाँच सय बाईस रुपैया पच्चिस पैसा मात्र) स्वीकृत गरी कन्टिन्जेन्सी शिर्षकबाट खर्चको लेखाङ्कन गर्ने गरी कार्य प्रारम्भ गर्ने निर्णय गरियो।

अन्त्यमा, सभामा सहभागी, गाउँ सभा सदस्य, कार्यपालिका सदस्य, विषयगत समिति र शाखा प्रमुख र वडा कार्यालयको हार्दिक सहयोग र सक्रिय सहभागीताका वीच बैठक सौहाद्रपूर्ण तरिकाले सम्पन्न भएकोमा खुसी व्यक्त गर्दे बार्षिक नीति कार्यक्रम र बजेटलाई मार्गदर्शन मान्दै सभामा छलफल गरि पारित भएको निर्णयहरुको कार्यान्वयनमा जोड दिन सबैमा आग्रह गरी बैठकका सबै निर्णयहरुलाई सर्वसम्वत रुपमा पारित गर्दै बैठकमा सहभागी सबैमा आभार सहित धन्यबाद ज्ञापन गरि गाउँ सभाको १८ (अठारौं) अधिवेशन समापन गरियो।

लोक प्रसाद तजरा
अध्यक्ष